# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २८ ] काठमाडौं, भदौ २१ गते २०३५ साल [ अतिरिक्ताङ्क ३७

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३५ सालको ऐन नं. ८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट प्ररम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## वन ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: वन ऐन, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "वन (दोस्रो संशोधन) ऐन, २०३५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. वन ऐन, २०१८ को दफा २ मा संशोधन: वन ऐन, २०१८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:–

"(ख) "निजी वन" भन्नाले कुनै व्यक्तिले यस ऐन वा प्रचलित कानूनबमोजिम आफ्नो हकभोगको जग्गामा आफ्नै मेहनतबाट लगाई पालेको फलफूलको बोट बाहेक अरू रूखको समूह र त्यसले ढाकेको जग्गा सम्झनुपर्छ।"

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ:–

"(छ) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनुपर्छ:–

(१) काठ, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा

(२) रूख, पात, फल, फूल, मौवा, चिराइतो, कुटकी र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पति तथा ती सबैको विभिन्न भाग वा अङ्ग, वा

(३) खानी, चट्टान, माटो र खानीका सबै किसिमका पदार्थहरू।"

३. मूल ऐनको दफा ३३ मा संशोधन: मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छ:–

"३३. निजी वन लगाउन सकिने: (१) कुनै व्यक्तिले आफ्नो हकभोगको जग्गामा निजी वन लगाउन सक्नेछ।

(२) उप-दफा (१) बमोजिम लगाई पालेको निजी वनको वन पैदावार निजी वनका धनीले आफूखुशी गर्न पाउनेछ।"

४. मूल ऐनको दफा ३४ मा संशोधन: मूल ऐनको दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएको छ:–

"३४. फाटफुट रूखको सम्बन्धमा: आफ्नो जग्गाको छेउमा बारबेराको निमित्त लगाइएको वा जग्गाको बीच बीचमा फाटफुट रूपमा रहेका वा लगाइएका रूखहरू जग्गाधनीले आफूखुश गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर बसोबास वा पुनर्वासको लागि दिइएको जग्गामा त्यसरी जग्गा दिएको बखतदेखि नै रहेको रूख जग्गाधनीले आफूखुश गर्न पाउने छैन ।"

५. मूल ऐनको दफा ३५ मा संशोधनः मूल ऐनको दफा ३५ को सट्टा देहायको दफा ३५ राखिएको छः–

"३५. अघिको निजी वनको लगत दिनु पर्नेः– (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुभन्दा अघि लगाई पालेको निजी वनको हकमा निजी वनको धनीले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको म्यादभित्र सम्बन्धित वन डिभिजन कार्यालयमा लगत दिई निजी वन दर्ता गराउनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम निजी वनको धनीले दिएको लगतबमोजिम निजी वन दर्ता गर्नु भन्दा अघि सम्बन्धित वन डिभिजन कार्यालयले सो वनको आवश्यक जाँचबुझ गरी निजी वन ठहरिन आएमा सो निजी वन दर्ता गर्नुपर्नेछ ।

(३) यस ऐनमा लेखिएको कुनै कुराले निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३ बमोजिम राष्ट्रियकरण भएको वनको सम्बन्धमा त्यस्तो वनको पुरानो मालिकलाई कुनै अधिकार दिएको मानिने छैन ।"

६. मूल ऐनको दफा ३९ मा संशोधनः मूल ऐनको दफा ३९ को शुरूमा रहेको "दफा ३४ अन्तर्गत श्री ५ को सरकारको हेरचाह एवं बन्दोबस्तमा रहेको वन बाटिका वा पर्ति जग्गा वा" भन्ने वाक्यांश झिकिएको छ ।

७. मूल ऐनको दफा ३९ क. मा संशोधनः मूल ऐनको दफा ३९ क. को सट्टा देहायको दफा ३९क. राखिएको छः–

"३९ क. नियम बनाउने अधिकारः निजी वनको सम्बन्धमा देहायका कुराहरूको व्यवस्था गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछः–

(क) निजी वनको धनीलाई सुविधा र प्राविधिक सल्लाह दिने,

(ख) निजी वनको सुरक्षा र व्यवस्था गर्ने ।"

८. खारेजीः मूल ऐनको दफा ३३क. खारेज गरिएको छ ।

९. रूपान्तरः मूल ऐन तथा प्रचलित कानूनमा "वन बाटिका" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "निजी वन" भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मितिः– २०३५।५।२१।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।